# वि.ई./बि.आर्क. भर्ना सम्बन्धी विस्तृत जानकारी

| कार्यक्रम | | मिति र समय |
|---|---|---|
| १) Online Form भर्ने | : | २०६९ असोज १७ गते बिहान ८:०० बजे देखि असोज २१ गते अपरान्ह ४:०० बजेसम्म । |
| २) कोटाको लागि निवेदन दिनुपर्ने | : | २०६९ असोज १७ गते देखि असोज २१ गतेसम्म कार्यालय समय भित्र (विदाको दिन वाहेक) सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा बुझाउन सकिनेछ । |
| ३) आवेदकहरुको नामावली प्रकाशन | : | २०६९ असोज २२ गते । |
| ४) प्राथमिकतामा थपघट वा शंसोधन | : | २०६९ असोज २३ गते अपरान्ह ३:०० बजे सम्म । |
| ५) प्रथम सूची प्रकाशन | : | २०६९ असोज २४ गते । |
| ६) प्रथम सूची उपर दावी विरोध | : | २०६९ असोज २५ गते अपरान्ह ३:०० सम्म । |
| ७) संशोधित प्रथम सूची प्रकाशन | : | २०६९ असोज २६ गते । |
| ८) प्रथम सूचीको भर्ना | : | २०६९ असोज २८, २९, ३०, कार्तिक १,२,३ गते<br>कार्यक्रम अनुसारको विस्तृत भर्ना तालिका प्रथम सूची संगै प्रकाशित गरिनेछ । |
| ९) दोस्रो सूची प्रकाशन | : | २०६९ कार्तिक १५ गते । |
| १०) दोस्रो सूची उपर दावी विरोध | : | २०६९ कार्तिक १६ गते अपरान्ह ३:०० बजे सम्म । |
| ११) संशोधित दोस्रो सूची प्रकाशन | : | २०६९ कार्तिक १६ गते साँझ ७:०० बजे । |
| १२) दोस्रो सूचीको भर्ना | : | २०६९ कार्तिक १७, १९ र २० गते |
| १३) तेस्रो सूची प्रकाशन | : | २०६९ कार्तिक २२ गते |
| १४) तेस्रो सूची उपर दावि विरोध | : | २०६९ कार्तिक २३ गते अपरान्ह ३:०० बजे सम्म । |
| १५) संशोधित तेस्रो सूची प्रकाशन | : | २०६९ कार्तिक २३ साँझ ७:०० बजे । |
| १६) तेस्रो सूचीको भर्ना | : | २०६९ कार्तिक २४, २६ र २७ गते |
| १७) रिक्त सिटहरुको लागि सूचना प्रकाशन | : | २०६९ मार्ग १ गते । |

१) **अनलाइन फारम भर्ने व्यवस्थाः**

यस क्याम्पसका विभिन्न कार्यक्रमहरुमा भर्ना हुनको लागि अनलाइन फारम भर्ने व्यवस्था गरिएकोले २०६९।६।१७ गते विहान ८:०० बजे देखि २०६९।६।२१ गते अपरान्ह ४:०० बजेसम्म अनलाइनमा फारम भर्न सकिनेछ । यो फारम Website: www.pcampus.edu.np वा www.ioe.edu.np मा उपलब्ध हुनेछ । फारम भरेपछि फारम भरेको प्रमाण स्वरुप Confirmation Page प्रिन्ट गरि साथै राख्नु पर्नेछ ।

अनलाइन फारम भर्न असमर्थ भएमा यस क्याम्पस सूचना प्रविधि केन्द्र (CIT) बाट रु. १००।- तिरी फारम भराउन सकिनेछ ।

२) **बैंक भौचर भर्दा ध्यान दिनुपर्ने कुराहरुः**

(क) भर्नाको लागि अनलाइन फारम भर्दा आवेदन दस्तुर रु.२००।- लाग्नेछ । एक विषयको लागि कुनै अतिरिक्त शूल्क लाग्ने छैन । तर एक भन्दा बढी बिषयलाई प्राथमिकता क्रममा राखी फारम भरेमा प्रति विषय थप रु.१५०।- का दरले शुल्क लाग्नेछ । कुनै पनि विषयको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सो लाई दुई विषय मानिनेछ । आवेदकले भरेको प्राथमिकता अनुसारको शुल्क Confirmation Page मा उल्लेख हुनेछ । सो पेजमा उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड पाटनढोका शाखामा रहेको यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा मिति २०६९।६।२१ गते भित्र जम्मा गरि प्राप्त भएको भौचर लिनुपर्नेछ ।

(ख) बैंक भौचर भर्दा संलग्न नमूना अनुसार Deposited by मा आवेदकको पुरा नाम र IOE Entrance Exam को Roll No. प्रष्ट संग लेख्नु पर्नेछ ।

(ग) आवेदकहरुले शुल्क बुझाएको/नबुझाएको Bank Statement संग रुजू गरिने भएकोले तोकिएको समयमै शुल्क बुझाउनु पर्नेछ ।

३) **प्राथमिकता क्रममा थपघट वा संशोधनः**

Online Form भर्दा तोकेको प्राथमिकता क्रममा थपघट वा संशोधन गर्नु परेमा मिति २०६९।६।२३ गते दिनको ३:०० बजे सम्ममा थपघट वा संशोधन गर्न सकिनेछ । कार्यक्रम थपघट वा संशोधनको लागि निम्नअनुसार थप शुल्क सहितको बैंक भौचर संलग्न गरि क्याम्पस भर्ना समितिमा निवेदन दिनुपर्नेछ ।

प्राथमिकता संशोधन शुल्क रु.१५०।- लाग्नेछ ।

विषय थप गर्नु परेमा प्रति विषय रु.१५०।- लाग्नेछ ।

प्राथमिकता घटाएमा बुझाइसकेको शुल्क फिर्ता हुनेछैन ।

## ४) सुरक्षित कोटामा भर्ना सम्बन्धमा

भर्ना सम्बन्धी जानकारी पुस्तिका २०६९ को दफा ६ को उपदफा ६.२, ६.३ र ६.४ मा उल्लेखित कोटाहरुको लागि आवेदन गर्ने आवेदकहरुले निम्नअनुसारको कागजातहरु २०६९ असोज १७ गतेदेखि असोज २१ गतेसम्म कार्यालय समय भित्र पुल्चोक क्याम्पस सूचना प्रविधि केन्द्रमा दर्ता गराउनु पर्नेछ ।

क) निवेदन र माथि बुंदा नं. १ र २ मा उल्लेख गरिएको बैंक भौचर र Online आवेदन भरेको Confirmation Page

ख) क्रमशः ६.२, ६.३ र ६.४ का लागि

- दफा ६.२ शिक्षक/कर्मचारी कोटाका आवेदकले इ.अ.संस्थान डीन कार्यालयबाट पूर्व स्विकृती पत्र । शिक्षक/कर्मचारीका छोराछोरीका लागि आवेदन दिने भएमा सम्वन्धित शिक्षक/कर्मचारी कार्यरत क्याम्पस/कार्यालयबाट सिफारिशपत्र ।

- ६.३ (क) का लागि सरकारी कार्यालय र सरकारी स्वामित्व रहेका संस्थाहरुमा कार्यरत कर्मचारीहरु ४ वर्षको लागि (आर्किटेक्चर भए ५ वर्ष) अध्ययनमा सम्मिलित हुन सक्ने विभागिय स्विकृती पत्र तथा प्रायोजन गर्ने संघ/संस्थाको पत्रको सक्कल प्रति ।

- दफा ६.३ (ख) का आवेदकले प्रायोजन गर्ने सरकारी कार्यालयको अध्ययन अवधिको लागि प्रायोजित गरिएको पत्रको सक्कल प्रति र सम्वन्धित विद्यार्थी एस.एल.सी. उत्तिर्ण गरेको विद्यालय सामुदायिक/सरकारी हो भनि शिक्षा मन्त्रालय वा सम्वन्धित जिल्ला शिक्षा कार्यालयबाट प्रमाणित सक्कल पत्र ।

- दफा ६.४ विदेशी विद्यार्थीका लागि सम्वन्धित देशको पासपोर्ट वा राजदूतावासबाट प्रमाणित गरेको पत्रको प्रमाणित प्रतिलिपी ।

## ५) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु

माथिल्लो प्राथमिकतामा नाम प्रकाशित भई भर्ना भएका आवेदकले तल्लो प्राथमिकता कार्यक्रममा कार्यक्रम परिवर्तन गर्न पाउने छैनन् । तर तल्लो प्राथमिकता कार्यक्रममा नाम प्रकाशित भई भर्ना भईसकेका आवेदहरुको योग्यताक्रमले भ्याएमा पछिल्ला सूचिहरुमा माथिल्लो प्राथमिकता कार्यक्रममा नाम प्रकाशित गरिनेछ । पूर्णशुल्किय कार्यक्रम अर्न्तगत भर्नाको लागि पनि यही नियम लागु हुनेछ । अर्थात कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरुको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पूर्णशुल्किय कार्यक्रममा निक्लेमा निज पूर्णशुल्किय कार्यक्रममा अनिवार्य भर्ना हुनुपर्नेछ र नभएमा निजको भर्ना खारेज गरिनेछ ।

**अतः पूर्णशुल्किय कार्यक्रममा निःसन्देह भर्ना हुन चाहने आवेदकहरुलाई मात्र पूर्णशुल्किय कार्यक्रमका लागि आवेदन दिनुहुन सतर्क गराइएको छ ।**

## ६) भर्ना हुँदा ध्यान दिनुपर्ने विषयहरुः

(क) भर्नाका लागि नाम प्रकाशन भएपछि अनिवार्य रुपमा तोकिएको मिति र समय भित्र आवश्यक शुल्क र कागजात पेश गरी भर्ना हुनुपर्नेछ ।

(ख) कारणवश अघिल्लो कुनै सूचिमा नाम प्रकाशित भएका आवेदकहरुले म्यादभित्र भर्ना हुन नसकेमा र निजले पुनः भर्ना हुन चाहेमा भर्ना समिति समक्ष निवेदन दिनुपर्नेछ । यसरी निवेदन दिनेहरुको नाम निवेदन दिएको लगतै पछि निकाल्ने सूचि पछि निस्कने अर्को सूचिमा स्थान रिक्त भएमा मात्र योग्यताक्रमानुसार नाम समावेश गरिनेछ ।

(ग) भर्ना सूचिमा नाम प्रकाशित भई भर्ना हुँदा कुनै आवेदकले आफू माथिल्लो प्राथमिकतामा अव उप्रान्त नसर्ने भनि निवेदन दिएमा मात्र त्यस्ता आवेदक भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन् ।

## ७) भर्ना हुनको लागि पेश गर्नुपर्ने कागजातहरु

(क) इ.अ.संस्थान बि.ई./बि.आर्क. प्रवेश परीक्षाको Score Card को Printed प्रति ।

(ख) Online Form भर्दा Confirmation Page मा उल्लेख भए बमोजिमको रकम सिद्धार्थ बैंकमा बुझाएको सक्कल भौचर ।

(ग) भर्ना सम्बन्धि जानकारी पुस्तिका २०६९ को दफा ९ मा उल्लेख भएअनुसारको शुल्क ।

(घ) एस.एल.सी. वा सो सरहको परीक्षाको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपी १।१ प्रति ।

(ङ) त्रि.वि. वा त्यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह/उच्च माध्यमिक तह (२)/ए लेभलमा भौतिक शास्त्र, रसायन शास्त्र तथा गणित बिषय लिई भौतिक विज्ञान समूह वा दुवैपत्र गणीत लिई जीवविज्ञान समूह वा इन्जिनियरिङ्ग डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तिमा ४५% अङ्क प्राप्त गरी उत्तिर्ण गरेको वा इ.अ.संस्थान अन्तर्गतको इन्जिनियरिङ्ग डिप्लोमा दोश्रो बर्ष प्रथम खण्डसम्म सबै विषयहरुमा उत्तिर्ण भै अन्तिम सेमेष्टरको परीक्षामा सम्मिलित भएको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रति ।

(च) नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपी १।१ प्रति ।

(छ) त्रि.वि. बाहेकका अन्य विश्वविद्यालयबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तिर्ण गर्नेहरुले सम्बन्धित बोर्डको माइग्रेसन सर्टिफिकेट, बोर्ड सर्टिफिकेट वा प्रोभिजनल सर्टिफिकेटको सक्कल र प्रमाणित प्रतिलिपी १।१ प्रति ।

(ज) सुरक्षित कोटामा आवेदन दिने आवेदकहरुले माथि बुंदा नं. ४ मा उल्लेखित कागजातहरु ।

प्रवेश परीक्षामा उत्तिर्ण भई यस क्याम्पसमा भर्ना हुन चाहने आवेदकहरुले इ.अ.संस्थान बाट दिइएको भर्ना पुस्तिका र भर्ना सम्बन्धी विस्तृत सूचना ध्यान दिएर पढ्न हुन र सूचना बमोजिम तोकिएको मितिमा तोकिएको प्रक्रिया पूरा गर्नहुन ध्यानाकर्षण गराइन्छ ।

८) **B.Arch. कार्यक्रममा भर्नाका लागि विशेष सूचना**

- B.Arch. (आर्किटेक्चर) कार्यक्रममा भर्नाका लागि नाम प्रकाशित भएका आवेदकहरुले निम्नलिखित मितिहरुमा यस क्याम्पसको आर्किटेक्चर विभागव्दारा संचालन गरिने झुकाव परीक्षा (Aptitude Test) दिनुपर्नेछ ।

  (क) प्रथम सूचीमा नाम प्रकाशित भएकाहरुले - २०६९ असोज २७ गते ।

  (ख) दोस्रो सूचीमा नाम प्रकाशित भएकाहरुले - २०६९ कार्तिक १७ गते ।

  (ग) तेस्रो सूचीमा नाम प्रकाशित भएकाहरुले - २०६९ कार्तिक २४ गते ।


- उल्लेखित झुकाव परीक्षामा अनुपस्थित भएमा वा अनुत्तिर्ण भएमा सम्बन्धित विद्यार्थी आर्किटेक्चर कार्यक्रममा भर्नाका लागि स्वतः अयोग्य हनेछन् ।

- झुकाव परीक्षा उत्तीर्ण भई भर्ना नलिएमा त्यस्ता विद्यार्थीको नाम भर्ना प्रतीक्षा सूचीबाट स्वत निकालिने छ ।

- झुकाव परीक्षा (Aptitude Test) को लागि रु. २००। उक्त परीक्षा संचालन हुने समयमा बुझाउनु पर्नेछ ।

९) यसपछिका कार्यक्रमहरुका लागि मिति २०६९।८।१ गते अर्को सूचना प्रकाशित गरिनेछ ।

**बैंक भौचर नमुना**


SiddharthaBank

DEPOSIT SLIP
निक्षेप जम्मा रसिद

BRANCH शाखा
DATE मिति

Account Type : खाताको प्रकार: Current चल्ती | Savings बचत | Call कल | ✓ Others अन्य

A/C No. खाता नं. 0091501 9203

CASH नगद
CHECK चेक

Account Holder's Name खातावालाको नाम: PULCHOWK CAMPUS

Amount in Figures रकम अंकमा

Check Deposit चेक जम्मा

| Check No. चेक नं. | Drawee Bank-Branch चेक लेखिएको बैंक-शाखा | Amount रकम |
|---|---|---|
| | | |
| | TOTAL जम्मा | |

Cash Deposit नगद जम्मा

| Denomination नगद विवरण | | |
|---|---|---|
| 1000 x | = | |
| 500 x | = | |
| 250 x | = | |
| 100 x | = | |
| 50 x | = | |
| 25 x | = | |
| 20 x | = | |
| 10 x | = | |
| 5 x | = | |
| 2 x | = | |
| 1 x | = | |
| Coins | = | |
| TOTAL जम्मा | | |

Amount in words रकम अक्षरमा

Business Transaction व्यापारिक कारोबार | Salary तलब | Sale of Assets सम्पत्ति बिक्री | Borrowings सापटी | Others (Please Specify) अन्य (कृपया खुलाउनु होला)

Deposited by जम्मा गर्ने Name नाम RAM CHANDRA CHAUDHARY Sign हस्ताक्षर
EXAM ROLL NO. 16026

Bank's copy

भर्ना समिति

पुल्चोक क्याम्पस